Regd. No. : 1172/066/067

# Sopan Pharmaceuticals Limited

Mahalaxmi Municipality-8, Lalitpur, Nepal

SOPAN

च.नं. : ४४/२०८३/८४
मिति : २०८३/०६/१३

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषय : लक इन (Lock In) अवधि समाप्त हुने तथा फुकुवा गरिदिने बारे ।**

महाशय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको साधारण शेयर सर्वसाधारणहरुमा मिति २०८३/०१/१७ गते बाँडफाँड गरिएको व्यहोरा तहाँलाई अवगत नै छ । सामूहिक लगानी कोष नियमावली, २०६७ को परिच्छेद १० को नियम ४६ बमोजिम धितोपत्र सार्वजनिक निष्काशन गर्नु अगावै सार्वजनिक निष्काशन गरिने धितोपत्रको कम्तीमा ५ प्रतिशत धितोपत्र सामूहिक लगानी कोषको लागि छुट्याउनु पर्ने व्यवस्था भए बमोजिम यस कम्पनीले २,१४,५०० कित्ता शेयर सामूहिक लगानी कोषको लागि छुट्याई बाँडफाँड गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

सोही सन्दर्भमा नेपाल धितोपत्र बोर्डको पत्र संख्या : २०८०।८१, चलानी नं. : ११७५ मिति २०८०/०७/२० गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको साधारण शेयर सर्वसाधारणहरुलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ महिना सम्म लक इनमा राख्नु पर्ने व्यवस्था भए बमोजिम लक इनमा राखिएको र उक्त शेयर मिति २०८३/०७/१६ मा लक इनको समयावधि समाप्त हुने हुँदा मिति २०८३/०६/१४ गतेको "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिकमा प्रकाशित गरिने सो सम्बन्धी सूचनाको नमूना तहाँको जानकारी तथा अभिलेखका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

Sopan Pharmaceuticals Limited, Lalitpur, Nepal
SOPAN

राजिव कुमार शर्मा
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**

श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौं ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित तथा औषधी व्यवस्था विभागबाट ईजाजतपत्र प्राप्त

# सोपान फर्मास्युटिकल्स लिमिटेड
# SOPAN PHARMACEUTICALS LIMITED


**रजिष्टर्ड कार्यालय :** ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ८, बिष्णुडोल
**कर्पोरेट कार्यालय :** तिनकुने-३२, काठमाडौ, फोन नं. : ९७७-०१-५६७१२११/०१-५६७१२१२
इमेल : info@sopanpharma.com | वेबसाइट : www.sopanpharma.com


## लक इनमा (Lock In) अवधि समाप्त हुने बारेको अत्यन्त जरुरी सूचना

सोपान फर्मास्युटिकल्स लिमिटेडले आफ्नो जारी पूँजी रु. १,७१,६०,००,०००/- (अक्षरेपी एक अर्ब एकहत्तर करोड साठी लाख रुपैयाँ मात्र) को २५% अर्थात रु. ४२,९०,००,०००/- (अक्षरेपी बयालिस करोड नब्बे लाख रुपैयाँ) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु. १००/- दरका ४२,९०,००० कित्ता साधारण शेयर मध्ये ५% अर्थात २,१४,५००* कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा विदितै छ। सामूहिक लगानी कोषहरुको लागि छुट्याइएको उक्त साधारण शेयरको लक इन (Lock in) अवधि सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ६ महिनामा समाप्त हुने प्रावधान रहेकोमा उक्त शेयरको **लक इन (Lock in)** अवधि देहाय बमोजिमको मितिमा समाप्त हुने हुँदा सोको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरु, नियामक निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | शेयर विवरण | लक इन (Lock in) मा रहेको कुल शेयर संख्या (कित्ता | लक इन (Lock in) अवधि समाप्त हुने मिति |
|---|---|---|---|
| १ | सामूहिक लगानी कोषको स्वामित्वमा रहेको | २,१०,९६५* | मिति २०८३/०७/१६ गते पश्चात् |

* **नोटः** *सामूहिक लगानी कोषका दुईवटा योजनाहरु परिपक्क भैसकेको हुँदा नेपाल धितोपत्र बोर्डको मिति २०८०/०७/२० (पत्र संख्या:-२०८०/८१ चलानी नं.:- ११७५) को पत्रमा भएको व्यवस्था बमोजिम उक्त योजनाहरुको स्वामित्वमा रहेका कुल ३,५३५ कित्ता शेयर लक इन अवधि अगावै फुकुवा गरिएको ।*

शेयर रजिष्ट्रार :

**NMB CAPITAL**
**एनएमबि क्यापिटल**

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार-४, काठमाडौ, नेपाल, फोन नं.: ०१-४४३७९६०/६३/६४
इमेल: info@nmbcl.com.np, वेबसाइट: www.nmbcl.com.np

